# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## जनशक्ति व्यवस्थापन विभाग
## अनलाईन (Online) दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

यस बैंकमा रिक्त रहेका निम्न पदहरु खुला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट **मिति २०७८/०८/२४** देखि अनलाईन (Online) दरखास्त फाराम भर्न आह्वान गरिएको छ । बैंकले तोकेको अनलाईन (Online) फाराममा भर्नु पर्ने सम्पूर्ण विवरण भरी सोको साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा सम्वन्धित निकाय/संस्थाबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो Scan / Attach गरी तोकिएको दस्तुर तिरी **मिति २०७८/०९/१५ सम्म र दोब्बर दस्तुर तिरी मिति २०७८/०९/२२** सम्म अनलाईन (Online) दरखास्त पेश गर्नु पर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी अनलाईन (Online) दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ ।

| विज्ञापन नं. | पद/श्रेणी | सेवा | पद संख्या | समूह/पद संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपांग | पि.क्षे. |
| १३/२०७८ | सहायक निर्देशक (अधिकृत तृतीय) | प्रशासन | ४५ | २४ | ७ | ६ | ४ | २ | २ | - |
| १४/२०७८ | सहायक निर्देशक (अधिकृत तृतीय) लेखा/लेखा परीक्षण | प्रशासन | ६ | ३ | १ | १ | १ | - | - | - |
| १५/२०७८ | सहायक निर्देशक (अधिकृत तृतीय) बाणिज्य कानून | प्रशासन | २ | १ | - | - | १ | - | - | - |
| १६/२०७८ | सहायक निर्देशक (अधिकृत तृतीय) सूचना प्रविधि | प्राविधिक | ५ | ३ | १ | १ | - | - | - | - |
| १७/२०७८ | सहायक (सहायक द्वितीय) | प्रशासन | २५ | १४ | ४ | ३ | ३ | - | १ | - |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

(क) **सहायक निर्देशक विज्ञापन नं. १३/२०७८ पदको लागि :** मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ख) **सहायक निर्देशक (लेखा/लेखा परीक्षण) विज्ञापन नं. १४/२०७८ पदको लागि :** मान्यता प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी (CA/ACCA/CPA) परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ग) **सहायक निर्देशक (बाणिज्य कानून) विज्ञापन नं. १५/२०७८ पदको लागि :** मान्यताप्राप्त विश्वविद्यालयबाट कानूनमा स्नातकोत्तर परीक्षा उत्तीर्ण गरेको वा अर्थशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर उत्तीर्ण गरी कानून विषयमा स्नातक उत्तीर्ण गरेको हुनुपर्नेछ।

(घ) **सहायक निर्देशक (सूचना प्रविधि) विज्ञापन नं. १६/२०७८ पदको लागि :** मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर, सूचना प्रविधि वा इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

ङ) **सहायक (सहायक द्वितीय) विज्ञापन नं. १७/२०७८ पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा १० जोड २ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

२. **समावेशीको आधार :-** समावेशी समूहतर्फ फाराम भर्ने उम्मेदवारहरुले आदिवासी/जनजाति, मधेशी, दलित र अपाङ्गको लागि सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

३. **तलब भत्ता तथा सुविधा :-** बैंकको नियमानुसार हुनेछ ।

४. **उम्मेदवारको उमेर :-**

(क) **सहायक निर्देशक पदको लागि** दरखास्त दिने अन्तिम मिति (२०७८/०९/१५) सम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

(ख) **सहायक पदको लागि** दरखास्त दिने अन्तिम मिति (२०७८/०९/१५) सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

(ग) यस बैंकको वहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

५. **परीक्षाको किसिम :-**

(क) विज्ञापन नं. १३/२०७८ र १७/२०७८ को पदको लागि पूर्व-योग्यता, लिखित र अन्तर्वार्ता माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

(ख) विज्ञापन नं. १४/२०७८ र १५/२०७८ को पदको लागि लिखित र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

(ग) विज्ञापन नं. १६/२०७८ पदको लागि लिखित, प्रयोगात्मक र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

(पूर्व-योग्यता र विषयगत लिखित परीक्षाको संचालन लोक सेवा आयोगले गर्नेछ । साथै, पूर्व-योग्यता, विषयगत लिखित परीक्षा र अन्तर्वार्ता काठमाडौमा संचालन हुनेछ । )

६. **परीक्षणकाल अवधि :-** महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

७. **निवृत्तिभरण पाउने वा नपाउने :-** निवृत्तिभरण पाउने ।

८. **परीक्षा दस्तुर :-**

(क) **सहायक निर्देशक (विज्ञापन नं. १३/२०७८, १४/२०७८, १५/२०७८ र १६/२०७८) पदको लागि :** खुला समूहको लागि रु. १०००।- र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. ४००।- (कुनै एक समावेशी समूहका लागि मात्र रु. १०००।- तथा एक भन्दा बढी समावेशी समूहमा सहभागी हुन प्रत्येक थप समावेशी समूहका लागि थप रु. ४००।-)

(ख) **सहायक (विज्ञापन नं. १७/२०७८) पदको लागि :** खुला समूहको लागि रु. ८००।- र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. ३००।- (कुनै एक समावेशी समूहका लागि मात्र रु. ८००।- तथा एक भन्दा बढी समावेशी समूहमा सहभागी प्रत्येक थप समावेशी समूहका लागि थप रु. ३००।-)

(रीत नपुगेको कारणले अस्वीकृत हुने आवेदनहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन । )

९. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया :-** अनलाईन (Online) दरखास्त फाराम Submit गरे पश्चात प्राप्त हुने Application Number अनुरुप बुझाउनु पर्ने परीक्षा दस्तुर eSewa, Connect IPS र Khalti मार्फत बुझाउनु पर्नेछ ।

१०. **पदस्थापन :-** उपरोक्त विज्ञापन १३/२०७८, १४/२०७८, १५/२०७८ र १६/२०७८ अनुसार नियुक्त हुने कर्मचारीहरुलाई बैंकको आवश्यकता अनुसार केन्द्रीय कार्यालय र प्रादेशिक कार्यालयमा पदस्थापन गरिनेछ । विज्ञापन नं. १७/२०७८ अनुसार नियुक्त हुने कर्मचारीलाई प्रादेशिक कार्यालयमा मात्र पदस्थापन गरिनेछ ।

११. **सम्पर्क मिति** : लिखित परीक्षा सम्बन्धी सूचना लोक सेवा आयोगबाट प्रकाशित हुनेछ ।

१२. Online दरखास्त फाराम भर्न नेपाल राष्ट्र बैंकको Website : www.nrb.org.np को CAREER भित्र गई Online Portal for Open Competition बाट भर्न सकिनेछ ।

१३. Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा यस बैंकको टेलिफोन नं. ०१४४१९८०४, ०१४४१९८०५, ०१४४१९८०६, ०१४४१९८०७ एक्सटेन्सन नं.: १३८ र १४६ वा ०१४४४१०३६ मा सम्पर्क गरी अथवा यस बैंकको ईमेल career@nrb.org.np मा इमेलमार्फत् बुझ्न सकिनेछ ।

१४. यो सूचना तथा उपरोक्त पदहरुको पाठ्यक्रम यस बैंकको **website: www.nrb.org.np** को **CAREER** मा राखिएको छ ।

(तुलसी प्रसाद घिमिरे)
कार्यकारी निर्देशक

मिति :- २०७८/०८/२४